# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना १

सर्वोच्च अदालत, संवैधानिक इजलासबाट संवत् २०८१ साल साउन १६ गते मुद्दा नं. ०८०-WC-०००९ को रिट निवेदनमा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २७ समेत लाई संशोधन गर्न बनेको काठमाडौं महानगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०८० को दफा १२ र १४ को व्यवस्था प्रारम्भदेखि नै पूर्णरुपमा अमान्य र बदर हुने आदेश भएकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २६ को उपनियम (१) को खण्ड (क) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्य पदमा आन्तरिक राजस्व कार्यालय, विराटनगर, मोरङका प्रमुख कर अधिकृत श्री केशव कुमार उप्रेतीलाई मिति २०८२।०६।१२ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**पाराश्वर ढुङ्गाना**

**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।